कोहलपुर नगरपालिका कार्यालय
कोहलपुर बाँके
पदपूर्ति समिति

# कर्मचारी पदपूर्ति सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मितिः- २०७३।०९।२० गते
सूचना नं :- २/०७३/७४

कोहलपुर नगरपालिका कार्यालय बाँकेको लागि निम्न पदहरु खुला, बढुवा र समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकोले निम्न बमोजिम योग्यता पुगेका उम्मेदवारहरुबाट लोक सेवा आयोगद्वारा स्वीकृत फाराम भरी दरखास्त दिन आह्वान गरिन्छ ।

| क्र.सं | विज्ञापन नं | विज्ञापनको किसिम | माग पद विवरण | | | परिक्षा कार्यक्रम | |
|---|---|---|---|---|---|---|---|
| | | | पद | तह | माग पद संख्या | प्रथम पत्र | द्वितिय पत्र |
| १ | २/०७३/७४ | खुला | प्रशासकीय अधिकृत | छैठौ | १ | प्रथम पत्र २०७३/१२/२ दिनको १:०० बजे | द्वितिय पत्र २०७३/१२/३ दिनको १:०० बजे |
| २ | ३/०७३/७४ | खुला<br>महिला<br>बढुवा | ना.सु वा सो सरह, | सहायकस्तर पाँचौ ( अप्राविधिक)सहायकस्तर पाँचौ ( अप्राविधिक)सहायकस्तर पाँचौ (अप्राविधिक) | १(एक)<br>१(एक)<br>१(एक) | २०७३।१२।४ गते बिहान ८:०० बजे | २०७३।१२।४ दिनको १:०० बजे |
| ३ | ४/०७३/७४ | खुला<br>महिला | खरिदार वा सो सरह | सहायकस्तर चौथो ( अप्राविधिक)<br>सहायकस्तर चौथो ( अप्राविधिक) | २(दुई)<br>१ (एक) | २०७३।१२।५ गते बिहान ८:०० बजे | २०७३।१२।५ गते दिनको १:०० बजे |

**परीक्षाको किसिमः-** लिखित, कम्प्युटर सिप परिक्षण(प्रयोगात्मक) र अन्तरवार्ता

**परिक्षा केन्द्रः-** पछि तोकिने छ ।

**परीक्षा दस्तुरः-**प्रशासकीय अधिकृतको लागि रु.१०००।,(एकहजार), ना.सु वा सो सरह(सहायकस्तर पाँचौ, अप्राविधिक)को लागि रु.४००।-(चार सय) र खरिदार वा सो सरह(सहायकस्तर चौथो अप्राविधिक)को लागि रु.३००।-(तीनसय) तथा प्रत्येक थप समावेशी समूहको लागि थप रु.१५०।-( एकसय पचास) लाग्नेछ ।

**दरखास्त दिने स्थानः-** (१) कोहलपुर नगरपालिका कार्यालय, बाँके (२) प्रबेश पत्र परिक्षा संचालन हुने दिन अगावै दरखास्त बुझाएको कार्यालयबाटै लिनुपर्नेछ ।

**दरखास्त दिने अन्तिम मितिः-**मिति २०७३/१०/१२ गते सम्म र अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुलेको दिन

तथा दोब्बर दस्तुर तिरि मिति २०७३/१०/१९ गते सम्म ।

**अन्तरवार्ता मितिः-** लिखित परिक्षाको नतिजा प्रकाशित हुँदा उल्लेख गरिनेछ ।

**पदमा रही गर्नुपर्ने कामको विवरणः-**नगरपालिकाको कार्य विवरण अनुसार ।

**तलबः-** उल्लेखित पदको लागि नेपाल सरकारको निजामती सेवाको प्रचलित स्केल बमोजिम र नगरपालिकाले तोकेको अन्य सेवा, सुबिधा ।

**खुला तथा समोवेशी परिक्षाको लागि विशेष सूचना**ः- (१)खरिदार वा सो सरह पदको लागि संयुक्त र एकिकृत परिक्षा प्रणाली( Integrated and Unified Examination System)को आधारमा परिक्षा संचालन हुनेछ ।

(२) खरिदार वा सो सरह खुला र समावेशी तर्फको लिखित परिक्षा एकै सिटिङ, एकै मिति र समयमा हुनेछ ।

(३) छुट्टाछुट्टै शैक्षिक योग्यता भएका तहका पदहरुमा उम्मेदवार हुन चाहने उम्मेदवारहरुले आफ्नो शैक्षिक योग्यता मिल्ने पद, तह अनिवार्य उल्लेख गर्नुपर्नेछ । उम्मेदवारले आफू उम्मेदवार हुन चाहेको पद ,तहको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता प्रमाणित हुने सबै प्रमाणपत्रहरुको प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । उम्मेदवारले न्यूनतम शैक्षिक योग्यताको मूल विषय अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ ।

(४) ना.सु वा सो सरह खुला र खरिदार वा सो सरह खुला तथा समावेशी तर्फको लिखित परिक्षाबाट कम्प्युटर सिप परिक्षण र अन्तरवार्ताको लागि छनौट भएका उम्मेदवारहरुको नतिजा प्रकाशन गर्दा वर्णानुक्रमका आधारमा सबै पद र तहको एकमुष्ट रुपमा प्रकाशन गरिनेछ ।

(५) समोवेशी समूहतर्फ लिखित परिक्षाबाट कम्प्युटर सिप परिक्षण र अन्तरवार्ताको लाीग छनौट भएका उम्मेदवारहरुले समावेशी समूहको प्राथमिकताक्रम रोज्न पाउने छैनन् । उम्मेदवारले दरखास्त फाराममा उल्लेख गरेको समावेशी समूहको आधारमा लोक सेवा आयोगको प्रचलित व्यवस्था अनुसार उम्मेदवारको समावेशी समूह कायम रहनेछ ।

(६) खुला तथा समावेशीको लागि लिखित परिक्षाबाट कम्प्युटर सिप परिक्षण तथा अन्तरवार्ताको लागि खुला र समावेशी समूहमा छनौट भएका उम्मेदवारले एकपटक मात्र कम्प्युटर सिप परिक्षण र अन्तरवार्तामा सम्मिलित हुने गरी कार्यक्रम तय हुनेछ ।

(७) सबै चरणको परिक्षा पश्चात प्राप्त हुन आएको योग्यताक्रम(Merit Order) अनुसार नियुक्तिको लागि सिफारिस गरिनेछ ।

**आवश्यक न्यूनतम योग्यताः-**(१) प्रशासकीय अधिकृतका लागि मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक तह वा सो सरह उत्तीर्ण (२)ना.सु वा सो सरह(सहायकस्तर पाँचौ, अप्राविधिक)को लागि- मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण ।

(३)खरिदार वा सो सरह(सहायकस्तर चौथो ,अप्राविधिक)को लागि- मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी वा सो सरह उत्तिर्ण ।

**द्रस्टव्यः-**

(क) दरखास्त साथ शैक्षिक योग्यताको प्रमाणपत्रहरु (अ) लब्धांक पत्र (आ) उमेर खुलेको चारित्रिक प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाण पत्र समेतको प्रतिलिपि एवं दरखास्त दस्तुर बुझाएको नगदी रसिद पेश गर्नुपर्नेछ । प्रमाणपत्रको प्रतिलिपिमा उम्मेदवार स्वंयले सक्कल बमोजिम नक्कल ठिक छ भनी दस्तखत गर्नुपर्नेछ ।

(ख)उमेरः- दरखास्त दिने अन्तिम मिति सम्ममा स्थानीय स्वायत्त शासन ऐन तथा नियमावली अनुसार उमेर पुगेको र उमेरको हद ननाघेको हुनुपर्नेछ । स्थानीय निकायका बहालवालास्थायी कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन । बहालवाला कर्मचारीले दरखास्तसाथ नियुक्ति पत्रको प्रतिलिपी संलग्न गरी दरखास्त फाराममा विवरणहरु उल्लेख गरी अनिवार्य रुपमा प्रमाणित गराई पेश गर्नुपर्नेछ ।

(ग) दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, तालिम, अनुभव तथा नोकरी अवधिको प्रयोजनका लागि गणना गरिने छैन ।

(घ)स्थानीय स्वायत्त शासन ऐन तथा नियमावली बमोजिम अयोग्य नभएको हुनुपर्नेछ ।

(ङ) तोकिएको म्यादभित्र दाखिल नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।

(च) दरखास्त फारामको नमुना लोक सेवा आयोगको website www.psc.gov.npबाट सम्बन्धित पदको लागि Download गरी आवश्यक विवरण भरी तोकिएको कागजात सहित साधारण फायलमा विज्ञापन नं, पद तथा तह,उम्मेदवारको नामथर, लेखि फायलमा नत्थी गरी बुझाउनुपर्नेछ वा A4 साइजको पेपरमा दिएको साइजमा फरक नपारी फोटोकपी गरी कम्प्युटर टाइप गरी बुझाउनु सकिनेछ । तर हातले उतार गरी लेखेको दरखास्त फारामलाई मान्यता दिइने छैन ।

(छ) लिखित परिक्षामा उत्तिर्ण हुने उम्मेदवारले अन्तरवार्ता दिनुभन्दा अगावै शैक्षिक योग्यताको स्थायी, अस्थायी प्रमाणपत्रको प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

(ज) खरिदार वा सो सरहको लागि खुला र समावेशी फाराम भर्ने उम्मेदवारहरुले विज्ञापन अनुसारको खुला र समावेशीको लागि दरखास्त फारामको पहिलो पाना छुट्टाछुट्टै भर्नुपर्नेछ । तर रोल नं र प्रवेश पत्र भने एउटा मात्र प्रदान गरिनेछ ।

(झ)लिखित परीक्षाको पाठ्यक्रमः- (१) प्रशासकीय अधिकृतका लागि लोक सेवा आयोगद्वारा रा प तृतीय श्रेणी शा अ वा सो सरहको लागि तोकिएको द्वितिय र तृतीय पत्रका लागी तोकिएको मध्यबाट  प्रथप पत्रका लागि शासन प्रणाली र द्वितीय पत्रका लागि समकालिन विषय (२) नासु वा सो सरहको पाठ्यक्रमको लागि यस कार्यालयमा सम्पर्क गर्नुपर्नेछ (२) खरिदार वा सो सरहको लागि लोक सेवा आयोगको website www.psc.gov.npबाट प्राप्त गर्न सकिनेछ ।

(ञ) समान तह र पदमा दरखास्त दिन पाइने छैन ।

(ट)सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परिक्षा सुरु हुनुभन्दा कम्तिमा ७ दिन अगावै कोहलपुर नगरपालिका कार्यालय बाँकेमा सम्पर्क राख्नुपर्नेछ ।  अन्यथा सहयोगी लेखक उपलब्ध गराउन बाध्यता हुने छैन ।

(ठ) बढुवा सम्बन्धमा स्थानिय स्वायत्त शासन नियमावली २०५६ को नियम २२३ अनुसार हुनेछ ।

सदस्य सचिव<br>पदपूर्ति समिति